"वनको वैज्ञानिक व्यवस्थापन : समृद्धिको मूल आधार"

# लोहन्द्रा केरावारी साझेदारी वन उपभोक्ता समूह

कार्यान्वयन ईकाइको कार्यालय

सुन्दरहरैंचा न.पा. - १०, खोर्सानि, मोरङ

दिप नारायण खाँ
अध्यक्ष

२०८२/०८३

च.नं. १८३

---

**विषय : छपान भएका ढलापडा रुखहरु संकलन सम्बन्धि सूचना ।**

उपर्युक्त सम्बन्धमा यस साझेदारी वन क्षेत्रका ढलापडा अवस्थामा रहेका र **MOR/CFM/27/03, व.वि 100 का (C1) तथा व.वि 095 का (C2/C3)** टाँचावाट छपान भई छपान किताबमा उल्लेखित साल, अस्ना, कर्मा, लगायत विभिन्न जातका तपसिल वमोजिमको लटमा परेका रुखको कटान, मुछान, ढुवानी, गरी घाटगद्धि, पाईलिङ गर्नका लागी स्वीकृत जिल्ला दररेटमा घटाघट प्रकृया द्वारा संकलन गर्नुपर्ने भएकोले यो ३० दिने सूचना प्रकाशित गरिएको छ । काठको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना **कोशीपत्र** राष्ट्रिय दैनिकमा प्रथम पटक २०८२/१०/२५ गते प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा लट अनुसार संकलन संबन्धि छुट्टाछुट्टै बोलपत्र खरीद गरी ३१ औं दिनमा दिउँसो १२:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही यस साझेदारी वन व्यवस्थापन समिति कार्यान्वयन इकाईको कार्यालय खोर्सानी र डिभिजन वन कार्यालय, मोरङ, विराटनगर (बोलपत्र खरिद गरिएको स्थान) मा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल :**

**ढलापडा रुख कटान, मुछान, ढुवान तथा पाईलिङ सम्वन्धि कामको विवरण (काठ क्यू.फि. र दाउरा चट्टामा)**

| लट नं. | हरेक लटमा गर्नुपर्ने कामको विवरण | घाटगद्दी गर्नु पर्ने स्थान | संकलन हुने क्षेत्र, रुखको संख्या र परीमाण | | | | घाटगद्धि सम्मको दुरी | रुख रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | कम्पार्टमेन्ट नं. | रुख संख्या | अनुमानित आयतन | | | |
| | | | | | काठ(घ.फि.) | दाउरा (चट्टा) | | |
| १. | छपान टाँचा लागेका छपान तेरिज वमोजिमका रुखहरु कटान, मुछान, ढुवान, घाटगद्दी | सव डिभिजन वन कार्यालय, केराबारीको क्षेत्र | C1 | १६४ | १३,९६२.४४ | १०.०२ | ० - १० कि.मी | लोहन्द्रा केराबारी साझेदारी वनको C1 कम्पार्टमेन्ट |
| २ | | लोहन्द्रा केराबारी साझेदारी वनको कम्पाउण्ड | C2 | २३७ | ३३,४४७.५५ | ३७.५३ | ० - १० कि.मी | लोहन्द्रा केराबारी साझेदारी वनको C2 कम्पार्टमेन्ट |
| ३ | | लोहन्द्रा केराबारी साझेदारी वनको कम्पाउण्ड | C3 | ३३९ | ३६,५७५.३० | ४१.७७ | ० - १० कि.मी | लोहन्द्रा केराबारी साझेदारी वनको C3 कम्पार्टमेन्ट |
| | | जम्मा | | ७४० | ८३,९८५.२९ | ८९.३२ | | |

**शर्तहरु :**

१) बोलपत्र **खरिद गर्नु पर्ने** स्थान, अन्तिम मिति र समय:-

(क) स्थान: लोहन्द्रा केराबारी साझेदारी वन कार्यान्वयन ईकाइको कार्यालय, खोर्सानि मोरङ र डिभिजन वन कार्यालय, मोरङ, विराटनगर ।

(ख) अन्तिम मिति : **२०८२।११।२५ गते ।**

(ग) समय **: दिनको ०५ : ०० बजे सम्म ।**

(२) बोलपत्र **दाखिला गर्नु पर्ने** स्थान, अन्तिम मिति, समय :-

(क) स्थान : - लोहन्द्रा केराबारी साझेदारी वन कार्यान्वयन ईकाइको कार्यालय, खोर्सानि मोरङ र डिभिजन वन कार्यालय, मोरङ, विराटनगर । (बोलपत्र खरिद गरिएको स्थान)

(ख) अन्तिम मिति :- **२०८२ ।११।२६ गते ।**

(ग) समय दिउँसो **१२:००** बजे सम्म ।

३) **बोलपत्र खोलिने** मिति समय र स्थान

मिति : **२०८२।११।२६ गते ।**

समय : **दिनको ०२:०० बजे पछि ।**

स्थान : **कार्यान्वयन ईकाईको कार्यालय, खोर्सानि ।**

फोन नं. ०२१-५४५००३

इमेलः lohandrakerabari@gmail.com

"वनको वैज्ञानिक व्यवस्थापन : समृद्धिको मूल आधार"

# लोहन्द्रा केरावारी साझेदारी वन उपभोक्ता समूह

कार्यान्वयन ईकाइको कार्यालय

सुन्दरहरैंचा न.पा - १०, खोर्साने, मोरङ

दिप नारायण खाँ
अध्यक्ष

२०८२/०८३

च.नं. १८३

नोट : बोलपत्र बिक्रि गर्ने, दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनमा बिदा परेमा सो को भोलिपल्ट बिकि, दाखिला र खोल्ने कार्य हुनेछ ।

४) बोलपत्र खरीद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोप्राईटरले शर्त नं १ मा उल्लेखित मिति र समयभित्र उल्लेखित स्थानहरुवाट प्रति लट रु. ३,०००।- का दरले दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाइ बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र काठ/दाउराको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

५) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति **२०८२।११।२६** गते दिनको दिउँसो १२:०० बजे सम्ममा **बोलपत्र खरिद गरिएको स्थान** (डिभिजन वन कार्यालय मोरङ वा लोहन्द्रा केराबारी साझेदारी वन उपभोक्ता समूह कार्यान्वयन इकाईको कार्यालय खोर्साने, मोरङ) मा दाखिला गर्नु पर्ने छ ।

६) प्रत्येक कम्पार्टमेन्टको तोकीएको ढलापडा रुखमा छपान गरीएका रुखहरु संकलनको लागि शर्त.न ४ मा उल्लेखित कागजात संलग्न राखी हरेक लटको लागी बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नुपर्ने छ । बोलपत्र पेश गरेको खाममा **लट नं. र आ.व. फर्मको नाम** अनिबार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा अमान्य हुने र त्यस्तो बोलपत्र दर्ता गर्न समिति बाध्य हुने छैन र दर्ता भएको अवस्थामा समेत स्वत: वदर भागी हुनेछ ।

७) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

८) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाँप भई नआएमा सो बोलपत्र अमान्य हुने छ ।

९) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१०) जसको नाममा बोलपत्र फारम बिक्रि भएको हो, उसैको तर्फबाट बोलपत्र फाराम दाखिला गर्नुपर्ने छ ।

११) सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ र प्रतिस्पर्धाबाट हटाइ धरौटी रकम समेत जफत गरिनेछ ।

१२) काठदाउरा संकलन ठेक्काको बोलपत्रको साथमा कबोल गरेको ठेक्का रकमको **१० %** ले हुने धरौटी रकम लोहन्द्रा केराबारी साझेदारी वन उपभोक्ता समूहको कृषि विकास बैक, विराटचोक शाखामा रहेको खाता नं ०६०१५०१३२१९३९०११ मा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नुपर्ने छ ।

१३) वनपैदावरको मूल्याङ्कन गर्दा काठ संकलनको लागी मु.अ.कर वाहेक प्रती क्यु.फी रु १२१।०० र दाउरा मु.अ.कर वाहेक प्रती चट्टा रु ११,५५०।०० को दररेट कायम गरिएको छ । उक्त दररेटमा सबैभन्दा कम दररेटमा काठ दाउरा संकलन गर्ने गरि पेश भएको बोलपत्र स्वीकृत गरिने छ ।

१४) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४, संशोधन सहित र प्रचलित नियमानुसार हुनेछ ।

१५) काठ/दाउरा संकलनको लागी ठेक्का स्वीकृत भएपछि ठेकेदार र यस समूह विच कटान गर्ने (गिण्डा पार्ने), मुछान, ढुवानी, घाटगद्दी सो कार्यको पूर्ण लगत तयार गर्ने तथा दाउरा चट्टा निर्माण गर्ने विषयमा सम्झौता अनुसार (करारनामा) गर्नु पर्ने छ । सम्झौता पश्चात वन प्रवेश इजाजत प्राप्त गरे पछि तोकिएको प्लटमा गई बढिमा ३ (तीन) दिन भित्र कटान मुछान कार्य शुरु गर्नु पर्ने छ ।

१६) ठेकेदारले आफ्नै खर्च लगाई काठ/दाउरा संकलन गर्नुपर्नेछ । कार्य सम्झौता भए पछि २०८३ बैशाख मसान्त भित्र ठेकेदारले सम्पूर्ण काठ दाउरा घाटगद्दी गरीसक्नुपर्नेछ । तत् पश्चात प्लटको जाँच पास

इमेल: lohandrakerabari@gmail.com

फोन नं. ०२१-५४५००३

दिप नारायण खाँ
अध्यक्ष

२०८२/०८३

च.नं. १८३

गरीनेछ । समयमै कार्य सम्पन्न गर्न नसकेमा ठेकेदारले प्रचलित कानुनअनुसार जरीवाना तिनुपर्नेछ । प्लटको अन्तिम जाँच नभई अन्तिम बिल भुक्तानी गरिने छैन तर कामको मूल्याकंन र तयारी लगतका आधारमा दुई किस्ता सम्म आंशीक रकम भुक्तानी दिन सकिनेछ ।

१७) काठ संकलन सँगसँगै दाउरा पनि संकलन गरी चट्टा निर्माण गर्नु पर्ने छ । दाउरा संकलन नगरेमा काठको मात्र संकलन खर्च भुक्तानी गरिने छैन ।

१८) उल्लेखित परिमाण भन्दा उत्पादित परिमाण थप/घट हुन गएमा ठेक्का सदरको दररेटका आधारमा उत्पादित परिमाणको रकम भुक्तानी हुनेछ ।

१९) यस ईकाईका वन प्राविधिक, सम्बधित सव डिभिजन वन कार्यालयका कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्दीको काम गर्नु गराउनु पर्नेछ ।

२०) लगत बमोजिम छपान भएका रुखमात्र कटान, मुछान, ढुवानी गर्नु पर्नेछ । छपान नभएका रुख, वोट विरुवा एबं बन्यजन्तुको हानी नोक्सानी भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२१) काठ/दाउराको संकलन सम्वन्धि सम्पूर्ण कार्य वन पैदावार (काठ/दाउरा) संकलन तथा विकी वितरण निर्देशिका २०७३ र प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ ।

२२) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङघन् भएमा बोलपत्र अमान्य हुने छ ।

२३) बोलपत्र सदर वा बदर गर्ने अधिकार यस साझेदारी वन ब्यबस्थापन समितिमा निहीत रहने छ ।

२४) उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस ब्यबस्थापन समितिले गर्नसक्ने छ ।

२५) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार संकलन तथा बितरण निर्देशिका अनुसार हुने छ ।

२६) धरौटी रकम फिर्ता लिन अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

ईतिसम्बत् २०८२ साल माघ २५ गते रोज १ मा शुभम्